**बजेट शीर्षक :** ७२-४-४०२

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| | लेखापरीक्षक र व्यवस्थापन पक्षबीच मिति २०६१।५।३१ मा लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा माथि भएको छलफल पश्चात कामयम रहेका व्यहारा निम्नानुसार छन् :<br>मैनबी बनाउन सिकाउने ७ दिने तालिममा रु ६५४४१। खर्च भएको छ । उक्त तालिम सञ्चालनको खर्चको फाँटवारी अनुसार निम्नानुसार देखिन्छ ।<br>क) मैनबत्ती बनाउने साँचो ५ गोटाको रु २३०००। मा खरिद गरेकोमा जिन्सी आम्दानी नजनाएकोले आम्दानी बाँध्नुपर्ने रु.....................<br>ख) १००.८ किलो मैन रु ७०५६। मा खरिद गरी उक्त तालिम सञ्चालन गरेकोमा मैन बत्ती उत्पादन परीक्षण र सो को बिक्रीबाट प्राप्त रकम सञ्चित कोष दाखिला गर्नुपर्नेमा गरेको छैन । | २३०००। |
| | आर्थिक वर्षको अन्त्यसम्ममा फछ्र्यौट गर्न बाँकी खानेपानी योजना पेश्की रु २७०००। रतनबहादुर सुनारको नाममा रहेको फछ्र्यौट गर्न बाँकी रु ......................... | २७०००। |

**बजेट शीर्षक :** धरौटी (०१ ख ३ घ)

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| | आर्थिक वर्षको अन्त्यमा श्रेस्ता अनुसार धरौटी मौज्दात रु ८४१६५०।५० भएकोमा बैंक विवरणले रु ८६४१५०।५० देखाएको छ । यसरी श्रेस्ताले देखाएको भन्दा रु २२५००। बैंक मौज्दात बढी देखिएकोले उक्त बढी भएको सम्बन्धमा पहिचान गरी हिसाव मिलान गर्नुपर्ने रु................. | २२५००। |

**बजेट शीर्षक :** जि.वि.स. कोष (आन्तरिक स्रोत)

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| | प्रस्तुत आयव्यय विवरणमा गत वर्षको जिम्मेवारी रु ९९६९८०६।७३ सार्नुपर्नेमा रु ८०२२३१२ मात्र सारेको छ । रु १९४७४९४।२२ रकम सारिएको कारण प्रष्ट नभएको रु........... | १९४७४९४।२२ |
| | आर्थिक वर्षको अन्त्यमा आय व्यय विवरण अनुसार ३५३६०। नगद मौज्दात देखिएकोमा बैंक दाखिला गर्नुपर्ने रु............. | ३५३६०। |
| | जिल्ला विकास समितिका सभापतिका लागि एक जना खरिदार सरहको जिल्ला विकास समितिमा कार्यरत कर्मचारी स्वकीय सचिव राख्न पाउने व्यवस्थ रहेकोमा विना दरबन्दी एकजना खरिदा सरहको स्वकीय सचिव अस्थायी भर्ना गरी निम्नानुसारको रकम तलबमा खर्च गरेको रु............ | १५८५३। |
| | सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष अछाम जिल्लाको विविध समस्याहरुको माग पत्र पेश गर्ने निम्नानुसारको डेलिगेशन टोली गठन भई उक्त टोलीका सदस्यहरुलाई जनही रु १००००। का दरले जम्मा रु ५००००। सिधै खर्च गरेको पाइयो ।<br>डेलिगेशनको लागि कोषबाट खर्च व्यहोर्न नमिल्ने रु............ | ५००००। |
| | राष्ट्रिय अनुसन्धान कार्यालय अछामका निरीक्षक श्री निरज | |

| | | |
|---|---|---|
| | ठकुराठीलाई बंकर निर्माण गर्न भनि रु ५०००। रकम<br>खर्च लेखेको छ । निर्णय तथा बिल भरपाई बेगर उक्त<br>खर्च दिएकोमा फछ्र्यौट नगरेको रु.................... | ५०००। |
| | जिल्ला विकास समितिका सदस्यहरुलाई औषधी उपचार<br>खर्च लेखेको पाइयो । समितिका सदस्यहरुले उपचार खर्च पाउने<br>आधार बेगर गरेको खर्चलाई नियमित मान्न नमिल्ने रु.......... | ११५६१। |
| | षोडशादेवी मा.वि. मंगलसेनलाई रु ५००००। आर्थिक अनुदान<br>दिएकोमा सो को प्रयोजन नखुल्नुका साथै खर्चको बिल<br>भरपाई समेत पेश नभएको रु.................... | १५०००। |
| | आर्थिक वर्षको अन्त्यसम्म निम्नानुसारको पेश्की फछ्र्यौट हुन<br>बाँकी रहेको रु............................<br>क) पत्रकार श्री खडकबहादुर बिष्ट ३०००।<br>ख) अध्यक्ष (उ.भो.स.) जगतबहादुर लुहार १००००। | १३०००। |
| | स.ओ.सि. श्री डम्बरदत्त भाटले मिति २०६१।२।२६ मा लिनु भएको<br>पेश्की आर्थिक वर्षको अन्त्यसम्म पनि फछ्र्यौट नभएकोले पेश्की<br>फछ्र्यौट गर्नुपर्ने रु........... | ७०००। |
| | जि.वि.स.कोष खातालाई गएको सापटी रु ६००००। र<br>एम.एल.पि. लाई गएको सापटी रु १०००००। समेत<br>जम्मा रु १६०००० सापटी फिर्ता लिनुपर्ने रु................ | १६००००। |
| | निम्नानुसारको कर कट्टी भएकोमा राजश्व खाता दाखिला भएकोले<br>दाखिला गर्नुपर्ने रु.................<br>कन्सल्ट्याण्ट शुल्क : १००००<br>बैठक भत्ता : ७२० | १०७२०। |
| | इन्फा स्ट्रक्चर एण्ड मेनेजमेन्ट एशोशियसन प्रा.वि. कलंकी<br>काठमाण्डौलाई सेवा शुल भुक्तानीमा आयकर ऐन अनुसार १५<br>प्रतिशत कर कट्टी गर्नुपर्नेमा ५ प्रतिशत मात्र कट्टी गरी घटी कट्टी<br>भएको कर सम्बन्धितबाट असुल गर्नुपर्ने देखिएको रु............... | २००००। |
| | कार्यालयबाट प्राप्त पेश्कीको विवरण अनुसार रु १६३५७००।<br>पेश्की बाँकी देखिन्छ तर बैंक नगदी किताबमा पेश्की पाएको र<br>दिइएको फरक रु १७११२०६। देखियो यस अनुरुप रु ७५५०६।<br>बढी पेश्की जनाइनुपर्नेमा नजनाएको कारण प्रष्ट हुनुपर्ने रु..... | ७५५०६। |
| | आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी निम्नानुसार<br>फछ्र्यौट गर्नुपर्ने रु..........<br>उ.भो.स. षोडशा मा.वि. भवन निर्माण : ५४५५००।<br>उ.भो.स. चन्द्रोदय निमावि भवन निर्माण : २१६०००।<br>उ.भो.स. इलाका स्वास्थ्य चौकी भवन निर्माण : ७५०००<br>उ.भो.स. दुर्गादेवी नि.मा.वि. भवन निर्माण : २०००००।<br>उ.भो.स. खालगाउँ सिचाई कुलो : १८००००।<br>उ.भो.स. सामुदायिक भवन निर्माण : ९२६००।<br>उ.भो.स. खन्तडा सिचाई कुलो निर्माण : १०७१००।<br>उ.भो.स. गोगनखोला सिचाई कुलो : ७३२००। | १६३५७००। |

| | | |
|---|---|---|
| | उ.भो.स. जलेश्वर मा.वि. छाना निर्माण : ५६३००।<br>उ.भो.स. सामुदायिक भवन निर्माण : ९००००। | |

**बजेट शीर्षक :** ६९।५।५०० (जिल्ला विकास समिति अनुदान)

| **सि.नं.** | **विवरण** | **रकम** |
|---|---|---|
| | मिति २०६०।११।७ को राजधानी दैनिक पत्रिमा ५४ ओं प्रजातन्त्र दिवसको अवसरमा अछाम जिल्ला विकास समितिले शुभकामना प्रकाशित गरे बापत भुक्तानी गरेकोमा कार्यालयले शुभकामना दिन नपाउने श्री ५ को सरकारको नीति विपरित<br>खर्च लेखेको रु............... | १००००। |
| | २०६० साल श्रावण, भाद्र महिनाको विद्युत महशुल भुक्तानी गर्दा रु १००७३।१३ गर्दा थप दस्तुरु रु ११४८।८२ समेत भुक्तानी गरेको देखियो । समयमा नै महशुल भुक्तानी गरी छुट लिन सकिनेमा ढिलो गरी थप दस्तुर भुक्तानी गरेको नियमित<br>नभएको रु............... | ११४८।८२ |
| | निम्नानुसारका उच्च माध्यामिक विद्यालयहरुलाई आर्थिक सहयोग भनि अनुदान खर्च लेखेकोमा उक्त रकम प्रदान गर्नाको कारण स्पष्ट नहुनुका साथै तोकिएका कामहरुको निरीक्षण अनुगमन समेत भएको छैन । काम सम्पन्न प्रतिवेदन बिल भरपाई बेगर दिएको यस्तो आर्थिक सहयोगलाई नियमित मान्न नमिल्ने रु................<br>विद्यामन्दिर उच्च मा.वि. नायक : ५००००।<br>अन्नपूर्ण उच्च मा.वि. कालागाउँ : ५००००।<br>जनता उच्च मा.वि. विन्धेवासिनी : ५००००।<br>जनता क्याम्पर बयलपाटा : ५००००।<br>त्रिपुरासुन्दरी उच्च मा.वि. श्रीकोट : ५००००।<br>अछाम क्याम्पस मंगलसेन : ५०००० | ३०००००। |
| | २०६०।११।५ गते सम्झौता हुँदा सभापति क्वार्टर भवन २०६०।१२।५ गतेसम्म निर्माण गरी सक्नुपर्नेमा २०६१।२।२७ गते मात्र कार्य सम्पन्न गरेको छ । एक महिना भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा थप १ महिना २२ दिन ढिला गरी कार्य सम्पन्न गरेकोमा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०५६ को नियम ८० (३) अनुसार ठेक्का अंकको ०.०५ प्रतिशत प्रतिदिनका दरले हर्जाना असुल गर्नुपर्ने रु........................... | १६७९७९४ |
| | जिल्ला प्रहरी कार्यालय अछामलाई सार्वजनिक निर्माण सुधार बजेट शीर्षकमा रु ८७०००। पेश्की अनुदान दिएको छ । आर्थिक प्रशासन सम्बन्धी नियमावली (संशोधन सहित) २०५६ को नियम ३९ अनुसार स्वीकृत बजेटको रकम एक बजेट उपशीर्षक श्रोत वा खर्च शीर्षकबाट अर्को बजेट उपशीर्षक श्रोत वा खर्च शीर्षकमा रकमान्तर गर्ने अधिकार अर्थ मन्त्रालयको मात्र हुने व्यवस्था भएको र रकमान्तर समेत नगरी उक्त कार्यालयलाई पठाइएको पेश्की अनुदान रकमलाई नियमित मान्न नमिल्ने रु................. | ८७०००। |

**बजेट शीर्षक :** ६९-३-१४५

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| | लेखा परीक्षक तथा व्यवस्थापन पक्षबीच लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपर मिति २०६१।५।३१गते भएको छलफल पश्चात कायम हुन आएका व्यहोरा निम्न अनुसार छन् :<br>जेष्ठ नागरिक अशक्त अपांग तथा असहाय विधवाहरुलाई भत्ता वितरण गर्न ३५ गा.वि.सहरुलाई रु ३०३१३४०। पेश्की गएकोमा ५ गाविसले बिल भरपाई पेश गरी फछ्र्यौट गरेको रु २६४७३० कटाई बाँकी पेश्की नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु.....................<br>लुंग्रा : ४०००।<br>मार्कु : ४४५५०।<br>बुढाकोट : ३२१६०।<br>घुघुरकोट : २७१००।<br>हात्तिकोट : ४१६८०।<br>ठाँटी : ४३४३०।<br>ऋषिदह : ७८८००।<br>शोडषादेवी : ५०८८०।<br>नवाठाना : ७५६३०।<br>मष्टामाण्डौ : २४१४५०।<br>चण्डिका : १२३२००।<br>कालिका : ७६७१०।<br>वीरपथ : २५३४०।<br>ओलिगाउँ : १३१३४०।<br>जनालिवण्डाली : ९५२००।<br>कालिकास्थान : २९१३०।<br>तोलि : १२१४८०।<br>पुल्लेतोला : ३२१८०।<br>कुइका : ७१०९०।<br>मुली : ९३५४०।<br>बयाला : ३६२७०।<br>धमाली : ९३७१०।<br>तोषी : १४७००।<br>तुर्माखाँद : १८०००।<br>ढकारी : ३४०००।<br>घोडासेन : १६८००।<br>हिच्मा : ६४८००।<br>बलाता : १७४००।<br>बिन्देवासिनी : ४१०४०। | २७५६६१०। |

**बजेट शीर्षक :** ६९-५-६१० (जिल्ला विकास समिति अनुदान)

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| | स्वीकृत सर्भे नर्मस अनुसार आइटम नं. ७ सम्मको जोड रकमको २५ प्रशितले हुने रकम मात्र स्तेशनरी, क्याप, सुज, अम्ब्रेला, सर्वे इक्वीपमेन्ट | |

<table>
<tr><td></td><td>आदिमा खर्च गर्न पाउने देखिन्छ । तर निम्नानुसार नर्मस भन्दा बढी दावी गरेरे भुक्तानी देखिएको रु..........
<table>
<tr><th>सडक</th><th>कार्यक्रमको नाम</th><th>नर्मस अनुसार सव टोटल रकम</th><th>२५ प्रतिशतले हुने रकम</th><th>भुक्तानी गरेको रकम</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>साँफे-पायल</td><td>५ कि.मि. सर्वे</td><td>३८९००</td><td>६७२५</td><td>१५६००</td><td>५८७५</td></tr>
<tr><td>मार्कु-चौरपाटी</td><td>२.६५० कि.मि. सर्वे</td><td>२०६२०</td><td>५१५५</td><td>८२५०</td><td>३०९५</td></tr>
<tr><td>जम्मा</td><td></td><td>५९५२०</td><td>१४८८०</td><td>२३८५०</td><td>८९७०</td></tr>
</table></td><td>८९७०।</td></tr>
</table>

**बजेट शीर्षक :** ६९।५।५२० (गाउँ विकास समिति अनुदान)

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| | औषधी खरिद गरी जिल्ला स्वास्थ्य कार्यालयलाई उपलब्ध गराउँदाको अनिषा फार्मेसीलाई रु ९९८३५। र शिवदुर्गे मेडिकल स्टोरलाई रु ९९५६५। भुक्तानीगरेकोमा नियमानुसार लाग्ने १.५ प्रतिशत कर कट्टी नगरेकोले असुल गर्नुपर्ने देखिएको रु................. | २९९१। |

**बजेट शीर्षक :** ६९।५।२८० (ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम)

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| | ठेकेदार श्री बुद्धिबहादुर बुढालाई २३७६० कि.ग्रा. चामल साँफेबाट मंगलसेनसम्म ढुवानी बापत रु १३९२३३। भुक्तानी भएकोमा जिल्ला दर रेट अनुसार रु ५।१० प्रति कि.ग्रामका दरले भुक्तानी दिनुपर्नेमा प्रति कि.ग्राम रु ५.८९ का दरले भुक्तानी गरेको हुँदा प्रति कि.ग्राम रु ०.७६ का दरले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु................. | १८०५७६० |
| | नन्देगडा कन्ट्रक्सन अछामलाई साँफेबगरबाट मंगलसेनसम्म जिल्ला दर रेट अनुसार १४५२० कि.ग्राम चामल ढुवानी गरे बापत रु. ९३६७५। भुक्तानी गरेकोमा १५ प्रतिशतले हुने ओभर हेड खर्च रु १११०७८० समेत थप गरी भुक्तानी देखियो । सिधै ढुवानी गर्ने पक्षलाई तोकिएको दरमा थप ओभरहेड जोडी भुक्तानी दिन नमिल्ने हुँदा असुल गर्नुपर्ने रु.................. | १११०७८० |
| | आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभएको सा.प. श्री हिक्मत सिंह धामीको पेश्की अविलम्व फछ्र्यौट गर्नुपर्ने रु ............ | २८०००। |
| | आर्थिक वर्षको अन्तयसम्ममा निम्न अनुसारको पेश्की फछ्र्यौट गर्न बाँकी रु.....................<br>क) स्था.वि.अ. नरेन्द्रबहादुर थापा : १२०००।<br>ख) विकास तथा अनुसन्धान केन्द्र काठमाण्डौ : १०५५६।<br>ग) विज्ञ भोज कुमार तामाङ : १०५५६।<br>घ) सप्लायर्स कृष्ण स्टील एण्ड ई. प्रा.वि. : ३०००००।<br>ङ) सा.प. श्री रुपक जोशी : ४००००।<br>च) जेनिशा ट्रेडर्स एण्ड सप्लायर्स : ११९००००। | १५६३११२ |
| | ई.आर.एम.सि.प्रा.वि.लाई जिल्ला वातावरणीय अध्ययनको लागि रु ४३,४३६। परचलान पेश्की दिएकोमा सो पेश्की बैंक नगदी कितावा, पेश्की खाता र पेश्कीको मास्केवारीमा समेत समावेश नगरेको र | |

| | | |
|---|---|---|
| | निजले लिएको पेश्की आ.व.को अन्त्यसम्म फछ्र्यौट नभएको रु…… | ४३४३६। |

**बजेट शीर्षक :** ६९।५।६७१ (ग्रामीण पहुँच कार्यक्रम)

| **सि.नं.** | **विवरण** | **रकम** |
|---|---|---|
| | समितिले निम्न सामानहरु खरिद गरी लेखापरीक्षणको समय सम्म अध्याधिक सामान खरिद गरी लामो समयसम्म मौज्दात राख्नाले सुख्न, चुहन, हुन गई नोक्सान पर्ने र विनियोजन सिद्धान्त विपरित समेत हुने भएकोले अनावश्यक सामान खरिद गरी भण्डार मौज्दात राख्ने परिपाटी उचित होइन । त्यस किसिमबाट अनावश्यक रुपमा सामान खरिद गरी भण्डार मौज्दात राखी अर्को आर्थिक वर्षमा खर्च गर्न बजेट सिद्धान्त विपरित देखिएको रु…………………… | ३३७४६०। |
| | अछाम जिल्लाको वातावरवणीय अध्ययन गर्न परामर्शदता इ.आर.एम.सि. प्रा.लि.सँग २०६० माघ २ गते भएको सम्झौता अनुसार २८९५७५। ठेक्का अंकमा २०६० चैत्र १८ गतेसम्म प्रतिवेदन बुझाउने व्यवस्था मिलाइएको थियो । पछि जिल्ला कार्यईक्रम व्यवस्थापन समितिको २०६१।२।२९ को निर्णयानुसार २०६१ असार १५ गतेसम्म म्याद थपिएको थियो । सो रु. ४३४३६। परिचालन पेश्की र रु १४४७८७ भुक्तानी लिए पनि सो परामर्शदाताले आर्थिक वर्षको अन्त्यसम्म प्रतिवेदन बुझाएको पाइएन । विना मनासिव कारण समयमा कार्य सम्पन्न नगर्ने परामर्शतासँग स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०५६ नियम ८०(३) बमोजिम ठेक्का रकमको ०.०५ प्रतिशत प्रति दिनका दरले आर्थिक वर्षको अन्त्यसम्मको हर्जाना असुल गरी कार्य सञ्चालन नभएको अवधिसम्मको हर्जाना असुल गर्नुपर्ने रु……………….. | २४६१।३८ |
| | आयकर ऐन २०५८ अनुसार निज परामर्शदातासँग भुक्तानी रकमको १५ प्रतिशत अग्रीम कर कट्टी गर्नुपर्नेमा ५ प्रतिशत मात्र कट्टी गरेको देखिएकोले निजलाई भुक्तानी भएको रकम रु १४४७८७ को थप १० प्रतिशत कर कट्टी गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु………………………… | १४४७८।७० |
| | आर्थिक कार्यविधि ऐन २०५५ को दफा २७ अनुसार विनियोजित रकम तोकिएको काममा बाहेक अन्य कार्यमा खर्च गर्न नहुने, यदि कसैले तोकिएको काममा बाहेक खर्च गरेमा जिम्मेवार कर्मचारीबाट असुल समेत गर्न सक्ने प्रावधान छ । समितिले स्थानीय विकास मन्त्रालयका टाइपिष्ट ना.सु. श्री निर्मला थापा ( गिरी)लाई २०६०।८।९ देखि २१ सम्म कम्प्युटर सम्बन्धी काममा अछाम भ्रमण गरेको देखाइ खर्च गरेकोमा उल्लिखित दफाको प्रावधान विपरित भएको रु……………………… | ५२०३। |
| | कार्यालयले निम्न अनुसार विभिन्न कार्यको भुक्तानी गरेकोमा आयकर ऐन २०५८ अनुसार अग्रीम आयकर कट्टी गरी संचित कोष दाखिला गराउनु पर्नेमा नगरेको हुँदा सम्बन्धित असुल गरी दाखिला | |

| | | |
|---|---|---|
| | गर्नुपर्ने रु........................... | १००३३ |